# वराहपोखरी गाउँपालिकाको

# आर्थिक ऐन

**वराहपोखरी गाउँपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

**वराहपोखरी गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**बाघखोर भञ्ज्याङ, खोटाङ**
**प्रदेश नं १, नेपाल**

(२०७५)

वराहपोखरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाहुनी, खोटाङ
२०७३

# वराहपोखरी गाउँपालिकाको आर्थिक ऐन

## वराहपोखरी गाउँपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावना** : वराहपोखरी गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा अय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम वराहपोखरी गाउँपालिकाको गाउँ सभा यो एन बनाएको छ ।

१. **सिंक्षप्त नाम र प्रारम्भः** (१) यस एनको नाम "आर्थिक एन, २०७५" रहेको छ ।

(२) यो एन २०७५ साल श्रावण १ गतेदेखि वराहपोखरी गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पत्ति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम सम्पत्ति कर।घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्रका जग्गामा त्यस्तो जग्गाको उपभोगका आधारमा अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ । *(एकीकृत सम्पत्ती कर लगाएको अवसेथामा भूमि कर नलाग्ने)*

४. **घर जग्गा वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ती वा संस्थाले भवन घर पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा त्यस्तो वहाल रकममा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका अधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन कर:** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने छ । उक्त कर सम्बन्धित प्रदेशले असूल गरी अन्तर सरकारी वित्त व्यवस्थापन एन, २०७४ बमोजिम स्थानीय तहको विभवज्य कोष मार्फत् गाउँपालिका संचित कोषमा बाँडफाँड गर्नुपर्नेछ ।

८. **विज्ञापन कर:** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन एन, २०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ ।

९. **मनोरञ्जन कर:** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ । यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन एन,२०७४ बमोजिम सम्बन्धत प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजशेव बाँडफाँड गर्नुपर्नेछ ।

१०. **वहाल बिटौरी शुल्क:** गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार, पसल वा सरकारी जग्गामा अनुसूचि (९) मा उल्लेख भए अनुसार वहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्क:** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ्ड शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याहफ्टीङ्ग शुल्क:** गाउँपालिका अफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याहफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूचि (११) मा बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुर:** गाउँपालिका निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन प्रवेश शुल्क:** गाउँपालिका आफ्नो क्षेत्रभित्र निर्माण गरका उद्धान, पार्क, चिडियाखाना, एतिहासिक तथा पुरातात्विक सम्पदा, संग्राहलय जस्ता सम्पदा उपयोग गरे वापत पर्यटकहरुबाट अनुसूचि (१३) मा उल्लिखित दरमा पर्यटन प्रवेश शुल्क लगाईने र असूल उपर गरिनेछ ।

१५. **कर छुट:** यस एन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि:** यो एनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

**अनुसूची १:** (गाउँपालिकाले लगाउने सम्पत्ती करका क्षेत्र र दरहरु उल्लेख गर्ने)

**अनुसूची २:** गाउँपालिकाले लगाउने भूमीकर (मालपोत) का क्षेत्र र दरहरु उल्लेख गर्ने

**अनुसूची ३:** गाउँपालिकाले लगाउने घर जग्गा वहाल करका क्षेत्र र दरहरु उल्लेख गर्ने

**अनुसूची ४:** गाउँपालिकाले लगाउने व्यवसाय करका क्षेत्र र दरहरु उल्लेख गर्ने

**अनुसूची ५:** गाउँपालिकाले लगाउने जडिबुटी, कवाडी र जीवजन्तु करका क्षेत्र र दरहरु उल्लेख गर्ने

**अनुसूची ६:** गाउँपालिकाले लगाउने सवारी साधन करका क्षेत्र र दरहरु उल्लेख गर्ने

**अनुसूची ७:** गाउँपालिकाले लगाउने विज्ञापन करका क्षेत्र र दरहरु उल्लेख गर्ने

**अनुसूची ८:** गाउँपालिकाले लगाउने मनोरञ्जन करका क्षेत्र र दरहरु उल्लेख गर्ने

**अनुसूची ९:** गाउँपालिकाले लगाउने वहाल बिटौरी शुल्कका क्षेत्र र दरहरु उल्लेख गर्ने

**अनुसूची १०:** गाउँपालिकाले लगाउने पार्किङ शुल्कका क्षेत्र र दरहरु उल्लेख गर्ने

**अनुसूची ११:** गाउँपालिकाले लगाउने ट्रेकिङ्ड, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफ्टीङ्ग शुल्कका क्षेत्र र दरहरु उल्लेख गर्ने

**अनुसूची १२:** गाउँपालिकाले लगाउने शुल्क तथा दस्तुरका क्षेत्र र दरहरु उल्लेख गर्ने

**अनुसूची १३:** गाउँपालिकाले लगाउने पर्यटन प्रवेश शुल्कका क्षेत्र र दरहरु उल्लेख गर्ने

वराहपोखरी गाउँपालिकाको गाउँसभाको सम्वत् २०७५ आश्विन ०४ गते बसेको बैठकले नपालको संविधानको धारा २२८ (२) बमोजिम यो विधयक पारित गरेको व्यहोरा प्रमाणित गर्दछु ।

.........................

(धनेन्द्र भुजेल)

प्रमुख प्रशासकीय अधिकृत

वराहपोखरी गाउँपालिका

वराहपोखरी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा २२८ (२) बमोजिम प्रमाणिकरण गर्दछु ।

(शालिकराम बन्जारा)

अध्यक्ष

वराहपोखरी गाउँपालिका